# उर्लाबारी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : ८ मिति : पौष २४, २०८०

## भाग - २

## उर्लाबारी नगरपालिका, मोरङ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उर्लाबारी नगरपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ ।

## नगरस्तरीय दलित समन्वय समिति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।०९।०५

उर्लाबारी नगरपालिकाको नगरस्तरीय दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उर्लाबारी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम नगरस्तरीय दलित समन्वय समिति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८० रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. उर्लाबारी नगरपालिकाको नगरस्तरीय दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०८० को दफा १२ मा संशोधनः** नगरस्तरीय दलित समन्वय समिति सञ्चालन कार्यविधि, २०८० (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा १२ को खण्ड (क) पछि देहायको (क१) को व्यवस्था थप गरिएको छ ।

**"(क१) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको अनुपस्थितिमा बैठक सञ्चालन गर्ने,

(२) अध्यक्षलाई सहयोग गर्ने,

(३) समितिको कार्यहरुको अनुगमन गर्ने/गराउने,

(४) समिति तथा अध्यक्षले तोकेको अन्य कामहरु गर्ने/गराउने,

(५) समितिले निर्णय गरेका अन्य कार्यहरु गर्ने/गराउने ।"

**आज्ञाले,**
अर्जुन निरौला
प्रमुख प्रशासकीय अधिकृत

***मूल्य रु. ५।-***